## .धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

### धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

### नगर कार्यपालिका बैठक

### बैठक संख्या १७/०७६/०७७

आज मिति २०७७ साल जेष्ठ २० गते मंगलबार बिहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री ~~रोशन अधिकारी~~ विनोद [illegible] | का.मु. वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री दिलबहादुर तामाङ्ग | का.वा. वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्रीं जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न ब्रहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री मञ्जिल श्रेष्ठ | का.वा.वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुंमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

## बैठकमा छलफल र निर्णय भएका विषयहरु

१. नदिजन्य पदार्थको ठेक्का रद्द सम्बन्धमा :-

धरान उपमहानगरपालिकाले प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७६/०७७ को लागि नदिजन्य पदार्थ उत्खनन् गरि विक्रि गर्न सर्दुखोला, सेहरा खोला र पटनाली खोला ठेक्कामा दिन ठेक्का आह्वान भई मिति २०७६/१२/१० मा श्री विनिता श्री ट्रेड एण्ड सप्लायर्स इटहरीको बोलपत्र स्वीकृत भई सम्झौता गर्न आउनु भनि पत्राचार गरिएकोमा कोभिड १९ को कारण मिति २०७६/१२/११ देखि देशै भरी नेपाल सरकारले लकडाउन घोषणा गरेकोले काम गर्ने समय पर्याप्त नहुने कारण उत्खनन् तथा ढुवानी एवम् विक्रि वितरण गर्न असमर्थ रहेको भनि मिति २०७७/२/१४ मा सम्बन्धीत ठेकेदारले नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरी जानकारी गराएको र यस सम्बन्धमा नगर स्तरीय राजस्व परामर्श समितिको मिति २०७७/२/१६ को निर्णय अनुसार उक्त ठेक्का रद्द गरी निज लगायत बोलपत्र दाताहरुले पेश गरेको बिडबण्ड फुकुवा एवम् धरौटी फिर्ता गर्ने दिने निर्णय गरियो ।

२. ठेक्का नलागेको खोलाबाट नदिजन्य वस्तु उत्खनन् तथा विक्रि गर्ने सम्बन्धमा :-

चालु आर्थिक वर्ष २०७६/०७७ मा नदिजन्य वस्तुको विक्रिको लागि ठेक्का आह्वान गरीएकोमा सो ठेक्का कोभिड १९ को कारण नेपाल सरकारले घोषणा गरेको लकडाउनको कारण कार्यान्वयनमा आउन नसकेको हुँदा ठेक्का नलागेका खोलाहरुबाट नदिजन्य पदार्थ उपमहानगरपालिका आफैंले उत्खनन् गरी स्टक राखे र कसैले सोझै खोलाबाटै खरिद गर्न चाहेमा पनि विक्रि गर्ने निर्णय गरियो ।

३. सेउती खोला र अंधेरी खोलाको कटान नियन्त्रण गर्ने सम्बन्धमा :-

धरान पानबारी सडक अन्तर्गत धरान उपमहानगरपालिकाका वडा नं. ५ र १५ को बीचमा पर्ने तल्लो सेउती पुल र आसपासका सामुदायीक वन क्षेत्रहरु सेउती र अँधेरी खोलामा आएको बाढीका कारण जोखिममा परिरहेको र वर्षेनी खोलामा आउने बाढीका कारण सामुदायीक वन क्षेत्र कटान भै तल्लो पानबारी जाने पूर्व तर्फको भाग र सडकमा क्षतिं पुऱ्याउन सक्ने अवस्था देखिएको र सेउती खोलामा अत्याधिक मात्रामा नदीजन्य पदार्थ Deposition हुन गई सेउतीको बाढी बाँझगरा सामुदायीक वन क्षेत्र भित्र पसि सडक र वन क्षेत्रलाई नै क्षति पुऱ्याउन सक्ने अवस्था देखिएको र उक्त बाढीजन्य जोखिम न्यूनिकरणका लागि प्राविधिक समितिबाट पेश भएको प्रारम्भिक प्रतिवेदनले सिफारिस गरे बमोजिमका सुझावहरु कार्यान्वयन हुने गरी उल्लेखित स्थानमा रहेको सेउती पुलको सुरक्षा र आसपासका सामुदायिक वन क्षेत्रमा हुने कटान नियन्त्रणका कार्यहरु क्रमशः अगाडी बढाउदै जाने निर्णय गरियो ।

४. व्यवस्थापन तथा अनुगमन समिति गठन गर्ने सम्बन्धमाः -

माथि निर्णय नं. ३ बमोजिम खोला नियन्त्रण तथा व्यवस्थापन गर्न तपसिल अनुसारको व्यवस्थापन तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो

संयोजक - ५ नं. वडा अध्यक्ष
सदस्य - ६ नं. वडा अध्यक्ष
सदस्य - १५ नं. वडा अध्यक्ष
सदस्य - १७ नं. वडा अध्यक्ष
सदस्य - वातावरण महाशाखा प्रमुख
सदस्य - नगर प्रहरी ईन्चार्ज
सदस्य सचिव - राजश्व शाखा प्रमुख

५. नदिजन्य वस्तुको उत्खनन् र च्यानलिङबाट निस्किने नदिजन्य वस्तुको ढुवानी मूल्य निर्धारण सम्बन्धमा :-

यस उपमहानगरपालिकाले च्यानलिङ गर्दा निस्कने नदिजन्य पदार्थ सुरक्षित स्थानमा भण्डार गर्ने र सो को लागि राजस्व परामर्श समितिको बैठकले सिफारीस गरेको तपसिलको दररेटमा नबढ्ने गरी न्यूनतम् रकम प्रस्ताव गर्ने व्यक्ति तथा कम्पनी वा फर्मबाट सो कार्यको लागि सेवा लिने ।

तपसिल

नदिजन्यपदार्थ स्टक राख्नको लागि ढुवानी र लोडिङ सेवाको दर

| क.सं. | विवरण | एकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ६ चक्के ट्रिप्पर (स्टक राख्ने जग्गाको व्यवस्थापन, लोडिङ, ढुवानी, अनलोड, स्टक मिलाउने सहित) | प्रतिट्रिप | ९०० | प्रति ७।५ घनमिटर |
| २ | १० चक्के ट्रिप्पर (स्टक राख्ने जग्गाको व्यवस्थापन, लोडिङ, ढुवानी, अनलोड, स्टक मिलाउने सहित) | प्रतिट्रिप | १२०० | प्रति १२ घनमिटर |
| ३ | टेक्टर लोड भाडा | प्रतिट्रिप | २५० | प्रति २।५ घनमिटर |
| ४ | ६ चक्के ट्रिप्पर भाडा | प्रतिट्रिप | ४०० | प्रति ७।५ घनमिटर |
| ५ | १० चक्के ट्रिप्पर भाडा | प्रतिट्रिप | ६०० | प्रति १२ घनमिटर |

६. मुल्य दररेट निर्धारण गर्ने सम्बन्धमा :-

नदिजन्य पदार्थ स्टकबाट र खोलाखोलैबाट विक्री गर्दा लिने मूल्य राजस्व परामर्श समितिको सिफारीश समेतको आधारमा तपसिल बमोजिम निर्धारण गर्ने निर्णय गरीयो ।

तपसिल

क) स्टकबाट विक्रि दररेट

| क.सं. | विवरण | एकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | टेक्टर (उपमहानगरपालिकाले लोड गरि दिने) | प्रतिट्रिप | १५०० | प्रति२।५ घनमिटर |
| २ | ६ चक्के ट्रिप्पर (उपमहानगरपालिकाले लोड गरि दिने) | प्रतिट्रिप | ३५०० | प्रति ७।५ घनमिटर |
| ३ | १० चक्के ट्रिप्पर (उपमहानगरपालिकाले लोड गरि दिने) | प्रतिट्रिप | ४५०० | प्रति १२ घनमिटर |
| ४ | टेक्टर (आफैले लोड गर्ने) | प्रतिट्रिप | १३०० | प्रति २।५ घनमिटर |
| ५ | ६ चक्के ट्रिप्पर (आफैले लोड गर्ने) | प्रतिट्रिप | ३२०० | प्रति ७।५ घनमिटर |
| ६ | १० चक्के ट्रिप्पर (आफैले लोड गर्ने) | प्रतिट्रिप | ४१०० | प्रति १२ घनमिटर |

ख) नदिजन्यपदार्थको विक्रिखोलाखोलैबाट विक्रिगर्ने दर

| क.सं. | विवरण | एकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ट्रेक्टर (उपमहानगरपालिकाले लोड गरि दिने) | प्रतिट्रिप | ८५० | प्रति २।५ घनमिटर |
| २ | ट्रिप्पर ६ चक्के (उपमहानगरपालिकाले लोड गरि दिने) | प्रतिट्रिप | २००० | प्रति ७।५ घनमिटर |
| ३ | ट्रिप्पर १० चक्के (उपमहानगरपालिकाले लोड गरि दिने) | प्रतिट्रिप | ३६०० | प्रति १२ घनमिटर |
| ४ | ट्रेक्टर (आफैले लोड गर्ने) | प्रतिट्रिप | ६०० | प्रति २।५ घनमिटर |
| ५ | ट्रिप्पर ६ चक्के (आफैले लोड गर्ने) | प्रतिट्रिप | १६०० | प्रति ७।५ घनमिटर |
| ६ | ट्रिप्पर १० चक्के (आफैले लोड गर्ने) | प्रतिट्रिप | ३००० | प्रति १२ घनमिटर |

७: अन्य आवश्यक व्यवस्थापन सम्बन्धमा .-

नदिजन्य पदार्थको उत्खनन्बाट निकालिएको स्टकको निरिक्षण र रेखदेख तथा ढुवानी एवम् मेशिनको भाडा कार्यालयबाट आवश्यक बजेटको व्यवस्था गरी भुक्तानी गर्ने निर्णय गरियो ।

८. कार्यक्रमको नाम परिवर्तन सम्बन्धमा ।

यस उपमहानगरपालिकाको आर्थिक विकास महाशाखा अन्तर्गत चालु आ.व. मा कृषि विकासका लागि स्वीकृत तपशिलका कार्यक्रमहरु हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण लकडाउन गरिएकाले सम्पन्न गर्न नसकिने अवस्था सृजना भएकाले तपसिलका कार्यक्रमहरुको सट्टा तपसिलका कामहरु गर्ने र अनुमानित रकम तपसिल अनुसार हुने भनी आर्थिक विकास समितिबाट पेश भए अनुरुप कार्यक्रमको नाम परिवर्तन गरिदिने निर्णय गरियो ।

<table>
<tr><th>क्रस</th><th>हालको कार्यक्रम</th><th>रकम</th><th>क्रस</th><th>परिवर्तित कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>तरकारी खेती तालिम</td><td>१०००००</td><td>१</td><td>कफी खेती प्रोत्साहनमा</td><td>४००००</td></tr>
<tr><td>२</td><td>भुइकटहर वेर्ना वितरण</td><td>३००००</td><td rowspan="3">२</td><td rowspan="3">हायाचीङ्ग गर्ने ३ वटा मेशिन खरीद र वितरण</td><td rowspan="3">२९००००</td></tr>
<tr><td>३</td><td>जैविक विषादी वितरण</td><td>१०००००</td></tr>
<tr><td>४</td><td>कृषकलाई तालिम</td><td>१०००००</td></tr>
<tr><td>५</td><td>ग्रीन हाउस खरीद तथा वितरण</td><td>५०००००</td><td>३</td><td>विषादी खरीद</td><td>५०००००</td></tr>
<tr><td colspan="2">जम्मा रकम</td><td>८३००००</td><td colspan="2">जम्मा रकम</td><td>८३००००</td></tr>
</table>

आजको बैठक ११.०० बजे समाप्त भयो।

बैठकको निर्णय माइन्यूट गर्ने - गणेशप्रसाद खतिवडा, वरिष्ठ प्रशासकीय अधिकृत